DEMOCRACY RESOURCE CENTER

COCAP

NEPAL MONITOR
NepalMonitor.org
human rights . security . nepal

# असार १४ को निर्वाचनअघि प्रचारप्रसार अवधिमा भएका घटनाहरु

विश्लेषण अद्यावधि – ८

अवधि: जेठ २९ देखि असार ११, २०७४

प्रकाशित: असार २२, २०७४

असार १ मा नेपाल सरकारले प्रदेश २ मा दोश्रो चरणको निर्वाचन स्थगन गर्दै असोज २ मा गर्ने तर प्रदेश १, ५ र ७ मा तोकिएकै मिति असार १४ मा नै सम्पन्न गर्ने घोषणा गऱ्यो ।[1] सरकारले राष्ट्रिय जनता पार्टी नेपाल (राजपा) ले प्रदेश २ मा चुनावमा भाग लिनको निम्ति वातावरण बनाउन अझ बढी समय लिन सो निर्णय राजपासँगको समझदारीमा लिएको बतायो । राजपाले, यद्यपि, त्यस्तो कुनै सम्झौता नगरेको भन्दै सबै प्रदेशमा निर्वाचन स्थगन गर्नुपर्ने आह्वान जारी नै राख्यो । उनीहरुको माग सम्बोधन नहुञ्जेल निर्वाचनमा भाग नलिने अडान दोहोऱ्याउँदै राजपाले असार १४ को चुनाव बहिष्कार गर्ने र बिथोल्ने घोषणा गऱ्यो ।[2]

नेपालको संसदीय लोकतान्त्रिक प्रणालीप्रति अविश्वास जनाउँदै नेपाल कम्युनिस्ट पार्टी (नेकपा) ले पनि निर्वाचन बहिष्कार गर्ने तथा बिथोल्ने घोषणा गऱ्यो । नेकपाले प्रदेश १, ५ र ७ मा निर्वाचनको विरोध जारी राख्यो ।

राजपा र नेकपाले विरोध प्रदर्शनहरु बढाउँदा र निर्वाचनमा भाग लिइरहेका अन्य दलहरुले चुनावी कार्यक्रममा तीव्रता ल्याउँदा असार १४ अगाडि चुनावी अभियान अवधिमा निर्वाचनसम्बन्धी घटनामा उल्लेखनीय वृद्धि भयो । जेठ २९ र असार ११ को चुनावी प्रचार अवधिमा नेपाल मोनिटरको तथ्याङ्कअनुसार निर्वाचनसम्बन्धी ८९ घटना घटे भने वैशाख ३१ को पहिलो चरणको निर्वाचनअगाडि चुनावी प्रचार अवधिमा ५६ घटना घटेको थियो ।[3]

यस अवधिमा घटेका ८९ घटनामध्ये ४० घटना राजपासंलग्न थिए, १५ मा नेकपाको संलग्नता थियो, १३ घटना अन्तरपार्टी विवाद रहे, १२ घटनामा अज्ञात समूहले बम

[1]तर उम्मेदवारी दर्ताको मिति असार २ बाट असार ४ मा सऱ्यो ।

[2]राजपाको मुख्य माग संविधान संशोधन मार्फत उनीहरुको मागहरु सरकारले सम्बोधन गर्ने अथवा संशोधन पारित नहुञ्जेल दोश्रो चरणको निर्वाचन स्थगन गर्ने हो ।

[3]हेर्नुहोस् विश्लेषण अद्यावधि – ५

राखेको थियो, दुई घटना आफ्नै दलका उम्मेदवारी छनौटसँग असहमति जनाउँदा उत्पन्न आन्तरिक विवादका रहे र एउटा घटना भर्खरै निर्मित स्थानीय तह विरुद्ध थियो ।

अन्य छ घटनामा निम्न घटनाहरु सामेल छन्: नेपाल कम्युनिस्ट पार्टी-एकीकृत मार्क्सवादी लेनिनवादी (नेकपा-एमाले) को विद्यार्थी सङ्गठन अनिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) ले प्रदेश २ मा चुनाव स्थगन गर्ने सरकारको निर्णय विरुद्ध काठमाण्डुमा विरोध प्रदर्शन गर्‍यो ; चुनाव विरोधी गतिविधि गरेको आरोपमा सिके राउतले नेतृत्व गरेको पृथकतावादी मधेश आन्दोलनका प्रवक्तालाई प्रहरीले बर्दियाको गुलरियामा गिरफ्तार गर्‍यो ; दुई नेपाली काँग्रेस उम्मेदवारले झापामा मतदाताहरुलाई पैसा दिए ; रौतहटको गौरमा एउटा सम्भावित उम्मेदवारको एक समूहले अरुलाई भोट नदेउ भन्दै चारजना दलितलाई कुटे; डोटीको बडीकेदार गाउँपालिकामा एक नेपाल कम्युनिस्ट पार्टी-माओवादी केन्द्र (माओवादी केन्द्र) का उम्मेदवारलाई नेपाली सेनाका एक क्याप्टेन र नेपाल प्रहरीका एक निरीक्षकले धम्क्याए ; र दाङको घोराहीमा उम्मेदवारहरुलाई धम्क्याउदै गरेको छजनालाई प्रहरीले गिरफ्तार गर्‍यो ।

## घटनाहरुको विवरणहरु[4]

राजपासंलग्न घटनाहरु

- जेठ २९ मा सर्लाही, धनुषा, महोत्तरी, सप्तरी र रौतहटका विभिन्न ठाउँमा राजपा कार्यकर्ताहरुले मशाल जुलुस निकाले । यी जिल्लाका राजपा प्रतिनिधिहरुले उनीहरुको माग सम्बोधन नहुञ्जेल निर्वाचन हुन नदिने बताए ।

- जेठ ३० मा बाँकेको नेपालगञ्जमा नेपाली काँग्रेसको मेयर उम्मेदवारको गाडीमा ढुङ्गा हान्दा राजपाका एक जिल्ला तहका नेतालाई प्रहरीले समात्यो । सोही दिन राजपाले आह्वान गरेको आमहडताल अवहेलना गरेको भन्दै नवलपरासीको परासी नगरपालिका, धनुषाको जनकपुर उपमहानगरपालिका, मोरङको बिराटनगर महानगरपालिका र रौतहटको गौर नगरपालिकामा राजपा कार्यकर्ताहरुले सवारीसाधन तोडफोड गरे । उनीहरुले परासी नगरपलिकास्थित नेपाली काँग्रेसको क्षेत्रीय कार्यालयमा पनि तोडफोड गरे ।

- जेठ ३० मा असार १४ को चुनावको विरोधमा राजपाले आह्वान गरेको आमहडतालले तराईका जिल्लाहरु प्रभावित रहे । पसल, शैक्षिक संस्था र यातायातहरु बन्द रहे ।

[4]घटनाहरुको पूर्ण सूचीको लागि हेर्नुहोस् नेपाल मोनिटर वेबसाइट

- जेठ ३० मा पर्साको बीरगञ्जको नेपाल राष्ट्रिय विद्यापीठ उच्च माध्यमिक विद्यालयमा भइरहेको निर्वाचन कर्मचारीहरुको तालिम कार्यक्रमलाई बिथोल्दै राजपा कार्यकर्ताहरुले निर्वाचन कर्मचारीहरुलाई कुटपीटसमेत गरे । प्रहरीले राजपा कार्यकर्ताहरुलाई तितरबितर गर्न खोज्दा राजपा कार्यकर्ताहरु प्रहरीसँग पनि भिडे ।

- जेठ ३१ मा धनुषाको जनकपुर उप-महानगरपालिकाको पिडारीचौकमा राजपा र सङ्घीय समाजवादी फोरम नेपाल (ससफो) कार्यकर्ताहरुबीच झडप भयो । धनुषा जिल्ला प्रहरी कार्यालयले यसलाई सामान्य झडप भन्यो । असार २ मा महोत्तरीको जलेश्वरमा ससफोको जिल्ला कार्यालयमा राजपा कार्यकर्ताहरुले आक्रमण गरे ।

- जेठ ३१ म सप्तरीको राजविराज नगरपालिकाको महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पसमा सञ्चालन भइरहेको निर्वाचन तालिम कार्यक्रमबाट राजपा कार्यकर्ताहरुले ५५ निर्वाचन अधिकारीहरुलाई नियन्त्रणमा लिए । निर्वाचनसम्बन्धी सम्पूर्ण कार्यक्रम बन्द गर्ने धम्की दिँदै राजपा कार्यकर्ताहरुले अधिकारीहरुलाई एक घण्टापछि मात्र मुक्त गरे । यस घटनापछि जिल्ला प्रशासन कार्यालयले सो क्षेत्रमा ठूलो सङ्ख्यामा सुरक्षाकर्मी तैनाथ गऱ्यो । सप्तरीको जिल्ला निर्वाचन कार्यालयले यस घटनापछि तालिम कार्यक्रम स्थगन गऱ्यो ।

- असार २ मा महोत्तरीको पिपरा गाउँपालिकामा राजपा कार्यकर्ताहरुले चुनावसम्बन्धी सामग्रीहरु जलाए ।

- असार ३ मा नवलपरासीको रामग्राम नगरपालिकास्थित मध्य नेपाल यातायात समितिको कार्यालयमा राखिएको नेकपा-एमालेको चुनावी सामग्री राजपा कार्यकर्ताहरुले खोस्न खोज्दा उनीहरुलाई तितरबितर गर्न प्रहरीले रबर गोली प्रहार गर्दा कम्तीमा पाँचजना घाइते भए । नवलपरासी प्रहरीले पाँच राउण्ड रबर गोली र चार राउण्ड गोली हावामा प्रहार गरेको बतायो । सोही दिन बाँकेको नेपालगञ्जस्थित त्रिभुवन चौकमा लाठी जुलुस निकाल्न खोज्दा १३ जना राजपा जिल्ला स्तरीय नेतालाई प्रहरीले गिरफ्तार गऱ्यो ।

- असार ४ मा धनुषाको जनकपुर उप-महानगरपालिकामा राजपा कार्यकर्ताहरुलाई प्रहरीले तोडफोड गर्नबाट रोक्न खोज्दा ४१ जना राजपा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गऱ्यो । राजपा कार्यकर्ताहरुले उप-महानगरपालिका कार्यालयको एउटा साइनबोर्ड र कार्यालयको हाताभित्र रहेको एउटा गाडीमा तोडफोड गरे । प्रहरीले लाठीचार्ज गर्दा कम्तीमा छजना राजपा कार्यकर्ता घाइते भए ।

- असार ८ मा नवलसरासीको परासी नगरपालिकामा निर्वाचन विरोधी गतिविधि गरेको आरोपमा छजना राजपा नेताहरुलाई प्रहरीले गिरफ्तार गऱ्यो ।

अन्तरपार्टी विवादहरु

- जेठ २९ मा बाजुराको गौमुल गाउँपालिकामा नेपाली काँग्रेस कार्यकर्ताको आक्रमणबाट छजना नेकपा-एमाले कार्यकर्ता घाइते भए । नेकपा-एमाले श्रोतअनुसार नेपाली काँग्रेस कार्यकर्ताहरुले नेकपा-एमाले कार्यकर्तामाथि धारिलो हतियारले प्रहार गर्दा उनीहरुको एकजना कार्यकर्ताको टाउकोमा गम्भीर चोट लाग्यो ।नेकपा-एमालेले ४८ जना नेपाली काँग्रेस कार्यकर्ता विरुद्ध उजुरी दर्ता गरेको बाजुरा जिल्ला प्रहरी कार्यालयले पुष्टि गऱ्यो ।
- असार २ मा तेह्रथुमको जिरीखिम्ती बजारमा एकजना नेपाली काँग्रेस कार्यकर्ताले एकजना नेकपा-एमाले कार्यकर्तालाई कुटेपछि दुवै पार्टीका कार्यकर्ताहरुबीच झडप भयो । झडपमा संलग्न चारजनालाई प्रहरीले गिरफ्तार गऱ्यो ।

- असार ४ मा दार्चुलाको मर्मा गाउँपालिकाको लाटीनाथमा नेकपा-एमाले र नेपाल कम्युनिष्ट पार्टी – माओवादी केन्द्र (माओवादी केन्द्र) बीच झडप भयो । उम्मेदवारी दर्ता गर्ने क्रममा सुरु भएको झडपमा एकअर्कामाथि ढुङ्गा हानाहान गर्दा पाँचजना घाइते भए । स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले दुई सेल अश्रुग्यास प्रहार गऱ्यो ।

- असार ४ मा बाजुराको चेडेदह गाउँपालिकाको जोगेडीमा नेपाली काँग्रेस र नेकपा-एमाले कार्यकर्ताबीच भिडन्त हुँदा सिकिस्त घाइते भई एकजना नेकपा-एमाले कार्यकर्ताको मृत्यु भयो । गाउँपालिका कार्यालयमा उम्मेदवारी दर्ता गर्ने क्रममा सुरु भएको भिडन्तमा अन्य १२ जना कार्यकर्ता घाइते भए ।

- असार ५ मा नेकपा-एमाले र माओवादी केन्द्रबीच झडप हुँदा बाँकेको बैजनाथ गाउँपालिकामा कम्तीमा चारजना घाइते भए । स्थिति नियन्त्रणमा लिन प्रहरीले २० राउण्ड गोली तथा पाँच राउण्ड अश्रुगयास प्रहार गऱ्यो । दुईजना प्रहरी पनि घाइते भए ।
- असार ८ मा ओखलढुङ्गाको मोलुङ गाउँपालिकाको पातलेमा नेकपा-एमाले कार्यकर्ताहरुले नेपाली काँग्रेसको चुनावी पोष्टर च्यातेपछि उनीहरुबीच भएको झडपमा तीनजना कार्यकर्ता घाइते भए ।

- असार ८ मा प्यूठानको तुसरबडा झिम्रुक गाउँपालिकामा नेपाली काँग्रेसको चुनावी प्रचार अभियानको क्रममा नेकपा-एमाले र नेपाली काँग्रेसबीच झडप भयो ।

- असार १० मा बाजुराको बुढीगङ्गा नगरपालिकामा चुनावी प्रचारप्रसारको क्रममा नेपाली काँग्रेस र नेकपा-एमालेबीच झडपमा ढुङ्गा हानाहान हुँदा दुईजना नेपाली काँग्रेस

कार्यकर्ता घाइते भए । सोही नजिदन रोल्पाको रुण्टीगढी गाउँपालिकामा नेकपा-एमाले र माओवादी केन्द्रबीच भिडन्त हुँदा ११ जना घाइते भए ।

- असार १० मा रुकुमको सिस्ने गाउँपालिकामा माओवादी केन्द्र र नेकपा-एमालेबीच झडप हुँदा छजना माओवादी केन्द्र कार्यकर्ता, तीनजना नेकपा-एमाले कार्यकर्ता र एकजना विद्यार्थी घाइते भए ।

नेकपासंलग्न घटनाहरु

- असार ३ मा ताप्लेजुङको फाक्ताङ्लुङ गाउँपालिकामा उम्मेदवारी दर्ता गर्न हिँडेका नेपाली काँग्रेसका उम्मेदवारलाई नेकपा कार्यकर्ताहरुले अपहरण गरे । उनलाई छ घण्टापछि मुक्त गरियो ।

- असार ४ मा दाङको विभिन्न ठाउँमा विभिन्न दलका उम्मेदवारहरुको घरमा नेकपा कार्यकर्ताहरुले कालो झण्डा राखे ।

- असार ८ मा भोजपुरको पौवादुङ गाउँपालिकाको वडा ३ बाट दुईजना नेकपा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गऱ्यो । प्रहरीअनुसार नेकपा कार्यकर्ताहरुलाई उनीहरुले चुनाव बिथोल्न सक्ने भएकोले अगावै समातेको बताए । सोही दिन पाँचथरको फाल्गुनन्द गाउँपालिकाबाट चुनाव विरुद्ध षडयन्त्र गरेको आरोपमा पाँचजना नेकपा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गऱ्यो ।

- असार ११ मा झापाको बिर्तामोड नगरपालिकाबाट चुनाव विरोधी पोष्टर टाँसेको आरोपमा प्रहरीले एकजना नेकपा कार्यकर्तालाई समात्यो ।

बमसम्बन्धित घटनाहरु

- असार ४ मा कपिलबस्तुको बाणगङ्गा नगरपालिकाको गजेहाडामा नेपाली काँग्रेस र माओवादी केन्द्रले निर्वाचन कार्यालयमा उम्मेदवारी दर्ता गरिरेको बेला कार्यालय नजिकै बम विस्फोट हुँदा नौजना घाइते भए ।

- असार ५ मा रुपन्देहीको सिद्धार्थनगर नगरपालिकामा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को मेयर प्रत्याशीको घरमा प्रेशरकुकर बम फेला पऱ्यो । नेपाली सेना र प्रहरीले संयुक्तरुपमा बमलाई निस्तेज गरे ।

- असार ६ मा खोटाङको रुपाकोट मजुवागढी नगरपालिकामा नेकपा-एमालेको वडा अध्यक्ष प्रत्याशीको घरमा एक अज्ञात समूहले बम फ्याँक्यो । सो बम विस्फोट भई उम्मेदवारको बुहारी घाइते भइन् ।

- असार ९ मा कैलालीको गोदावरी नगरपालिकामा माओवादी केन्द्रबाट मेयर उम्मेदवारको घरमा एक अज्ञात समूहले बम विस्फोट गरायो । बम विस्फोटले उनको घरको झ्यालहरु र एउटा ढोकामा क्षति भयो ।

- असार १० मा मोरङको कानेपोखरी नगरपालिकाको वडा ६ को दुई ठाउँमा नेपाली सेना र प्रहरीले दुइटा बम निस्तेज पारे ।

- असार ११ मा नवलपरासीको सुनवल नगरपालिकामा माओवादी केन्द्रको चुनावी जुलुसमा अज्ञात समूहले बम प्रहार गर्दा सातजना माओवादी केन्द्र कार्यकर्ता घाइते भए, जसमध्ये दुईजना सख्त घाइते भए ।

स्थानीय तह पुनर्संरचनासम्बन्धी घटनाहरु

- असार ६ मा पर्वतको जलजला गाउँपालिकाको बनउ, शलिजा, नाङ्लिबाङ, धैरिङ र लेकफाँट गाउँका नागरिकहरु गाउँपालिकाको केन्द्र माझफाँटको मलगबाट अर्को पायक पर्ने ठाउँमा सार्नुपर्ने माग राख्दै आ-आफ्ना वडा कार्यालयहरुमा विरोध प्रदर्शन गर्दै तालाबन्दी गरे । ती नागरिकहरुले वडा ५, ६, ७, ८ र ९ को निम्ति मलग पायक नपर्ने गुनासो गरे ।

*नोटः घटनाहरुको नक्शा तल छ ।*

****

*यो प्रतिवेदन डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डिआरसीएन) र शान्तिका लागि साझा अभियान (कोक्याप)/नेपाल मोनिटरले आउँदो निर्वाचनको अवधिभर प्रकाशन गर्ने आवधिक विश्लेषण अद्यावधि शृङ्खलाको आठौँ संस्करण हो । यस परियोजनाले द एशिया फाउन्डेशन र द कार्टर सेन्टरबाट आर्थिक र प्राविधिक सहायता प्राप्त गरेको छ ।*

# स्थानीय निर्वाचनको सेरोफेरोमा घटेका घटनाहरु, जेठ २९ - असार ११, २०७४

जम्मा घटनाहरुको संख्या

- ०
- १ - २
- ३ - ५
- ६ - १०

अषाढ ११: नवलपरासीको सुनवल नगरपालिकामा माओवादी केन्द्रको र्यालीमा बम विष्फोट हुदा ११ जना घाइते
अषाढ ११: नेपाली काँग्रेसका तर्फबाट उर्लाबारीका मेयरको उम्मेदवार खड्ग फागोको घरमा बम विष्फोट
अषाढ १०: नेकपा एमालेको तर्फबाट नवलपरासीको बर्दघाटका मेयरको उम्मेदवारको घरमा अज्ञात समूहले राखेको बम नेपाली सेनाको टोलीले डिफ्युज गर्यो
अषाढ ९: अज्ञात समूहले माओवादी केन्द्रका तर्फबाट कैलालीको गोदावरी नगरपालिकाको मेयरको उम्मेदवारको घरमा बम विष्फोट गरायो
अषाढ ६: नेकपा एमालेबाट खोटांगको रुपाकोट मझुवागढीस्थित दोपाचिउरीडांडाका वड़ा अध्ययक्षको उम्मेदवारको घरमा बम विष्फोट
अषाढ ५: राप्रपाका तर्फबाट रुपन्देहीको सिदार्थनगरको मेयरको उम्मेदवारको घरमा प्रेसर कुकर बम फेला
अषाढ ४: कपिलवस्तुको बणगंगा नगरपालिकामा बम विष्फोट हुँदा ९ जना घाइते




घटनाका प्रकारहरु

- घेराउ धर्ना तालाबन्दी
- प्रदर्शन
- बन्द हड्ताल
- कार्यक्रम अवरोध तथा निषेधका घटना
- राजनीतिक दलका कार्यकर्ता पक्राउ
- आगजनी
- अपहरण
- आक्रमण
- बम तथा विष्फोटक पदार्थ फेलाका घटना
- तोडफोड
- अरु प्रकारका हिंसात्मक घटना

अषाढ १०: रोल्पाको रुन्तिगढ़ी गाउँपालिका-८ मा नेकपा एमाले र माओवादी केन्द्रका कार्यकर्ताबीच झडप हुदा ११ जना घाइते
अषाढ १०: रुकुमको सिस्ने गाउँपालिका-७ मा झडप हुदा माओवादी केन्द्रका ६ र नेकपा एमालेका ३ जना कार्यकर्ता घाइते
अषाढ ८: नेकपा एमाले र नेपाली काँग्रेसका कार्यकर्ताबीच ओखलढुंगाको मोलुंग गाउँपालिका-७ मा झडप हुदा ७ जना घाइते
अषाढ ४: बाँकेको बैजनाथमा नेकपा एमाले र माओवादी केन्द्रका कार्यकर्ताबीच भएको झडप नियन्त्रण गर्न प्रहरीद्वारा २० राउण्ड हवाई फायर र ५ शेल अश्रु ग्यास प्रहार

NepalMonitor.org
NEPAL MONITOR
human rights . security . nepal